# भाग ५

## नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ बमोजिम गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस बमोजिम सबै सञ्चार प्रतिष्ठानहरूमा संवत् २०७३ साउन १ गते देखि लागू हुने गरी सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारहरूको न्यूनतम पारिश्रमिक देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) श्रमजीवी पत्रकार (श्रमजीवी पत्रकार, कामदार र कर्मचारी)

| क.सं. | विवरण | न्यूनतम मासिक पारिश्रमिक |
|---|---|---|
| १. | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी पत्रकार | रू.१९,५००।- |
| २. | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी कामदार/कर्मचारी | रू.१४,४००।- |
| ३. | अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकार | रू.१४,१००।- |
| ४. | अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी कामदार/कर्मचारी | रू.१२,५००।- |

(ख) श्रमजीवी पत्रकार (स्ट्रिञ्जर)

| क.सं. | विवरण | रेडियो | पत्रपत्रिका | टेलिभिजन |
|---|---|---|---|---|
| १. | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका स्ट्रिञ्जर (प्रति समाचार) | रू.२००।- | रू.२२५।- | रू.६००।- |
| २. | अन्य सञ्चार प्रतिष्ठानका स्ट्रिञ्जर (प्रति समाचार) | रू.१५०।- | रू.१५०।- | रू.६००।- |

(ग) <u>अन्य व्यवस्था</u>

१. आंशिक पत्रकारको हकमा न्यूनतम पारिश्रमिकलाई निम्न सूत्रको प्रयोग गरी पारिश्रमिक दिनु पर्ने :-
न्यूनतम पारिश्रमिकलाई १९२ ले भाग गरी १.५ ले गुणन गरी आंशिक पत्रकारले काम गरेको घन्टाले गुणन गर्ने अर्थात,

$$\text{आंशिक पत्रकारको पारिश्रमिक} = \frac{\text{न्यूनतम पारिश्रमिक}}{१९२} \times १.५ \times \text{काम गरेको घण्टा}$$

२. स्ट्रिञ्जर फोटो पत्रकारको हकमा छापामाध्यमको स्ट्रिञ्जर पत्रकारले पाउने पारिश्रमिक उपलब्ध गराउनु पर्ने ।

३. अनलाइन समाचार पोर्टलहरूको हकमा समाचार मात्रै भए छापामाध्यमको स्ट्रिञ्जर, अडियोसहित भए रेडियोको स्ट्रिञ्जर र दृश्यसमेत भए टेलिभिजनको स्ट्रिञ्जर सरहको पारिश्रमिक उपलब्ध गराउनु पर्ने ।

४. टेलिभिजन स्ट्रिञ्जरले दृश्यरहित समाचार पठाए छापामाध्यमको स्ट्रिञ्जरसरह पाउने ।

५. स्ट्रिञ्जरलाई कार्यस्थलबाहिर खटाइएको अवस्थामा सम्बन्धित संस्थाको नियम अनुसार यातायात तथा आवास खर्च दिनु पर्ने ।

<u>स्पष्टीकरण</u> : खण्ड (ख) र (ग) को प्रयोजनका लागि "स्ट्रिञ्जर" भन्नाले मासिक पारिश्रमिक निर्धारण गरी पूर्णकालीन सेवामा लिइएका बाहेक सेवा करारमा लिइएका समाचारदाताहरूलाई जनाउँछ ।

खण्ड ६६, सङ्ख्या १५, मिति २०७३।०३।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
**दिनेशकुमार थपलिया**
**नेपाल सरकारको सचिव**